मायादेवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्या.:०७७/७८
चलानी नं.: १३०६

मिति:२०७७।११।०४

श्री गंगासागर कुर्मी
मायादेवी गाउँपालिका – ०७, कपिलवस्तु ।

**विषय: सेवा करार सम्बन्धमा ।**

प्रस्तुत विषयमा मायादेवी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को दफा (७) मा व्यवस्था भए अनुसार तपाईलाई मिति २०७७।११।०४ गतेको निर्णयनुसार सूचीकरण गरिए बमोजिम प.से.प्रा. पदमा मिति २०७७/११/०४ गतेको सम्झौता अनुसारको शर्तनामा अनुरूप कार्य गर्ने गरी मिति २०७७/११/०४ गते देखि लागू हुने गरी २०७८ असार मसान्त सम्मको लागि सेवा करारमा मायादेवी गाउँपालिकाको पशु सेवा शाखामा प.से.प्रा., कृषि/ला.पो.डे.डे. (सहायकस्तर पाँचौ तह सरह) को पदमा नियुक्ति गरिएको छ ।
मायादेवी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची (१) बमोजिमको संलग्न कार्य विवरण अनुरूप आफ्ना जिम्मेवारीहरू अनुशासित, निष्पक्ष, ईमान्दार र उत्तरदायी भई प्रचलित कानून बमोजिम कुशलतापूर्वक कामकाज सम्पन्न गर्नुहोला ।

प.से.प्रा. (सहायकस्तर पाँचौ तह सरह) को पदमा जिम्मेवारी पाउनु भएकोमा बधाई छ ।

.........................................
कृष्ण प्रसाद तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री आर्थिक प्रशासन शाखा, मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकडी, कपिलवस्तु ।
श्री पशु सेवा शाखा, मायादेवी गाउँपालिका, पकडी, कपिलवस्तु ।
श्री प्रशासन शाखा, मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकडी, कपिलवस्तु ।

# करार सम्झौता

मायादेवी गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय, पकडी, कपिलवस्तु (यसपछि पहिलो पक्ष भनिएको) र कपिलवस्तु जिल्ला, मायादेवी गाउँपालिका वडा नं.-०७ बस्ने श्री गंगासागर कुर्मी (यसपछि दोस्रो पक्ष भनिएको) का बीच मायादेवी गाउँपालिकाको पशु सेवा शाखा अन्तर्गत रहेको तह पाँचौ, सेवा/समूह कृषि/ला.पो.डे.डे. र प.से.प्रा. पदमा कामकाज गर्न गराउन मिति २०७७।११।०४ को निर्णय अनुसार देहायका कार्य/शर्तको अधीनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौः

**१. कामकाज सम्बन्धमा**ः दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकता अनुसार पहिलो पक्षले तोकेको थप काम गर्नु पर्नेछ।

**२. काम गर्नु पर्ने स्थान**ः मायादेवी गाउँपालिका, वडा नं.-०७, हरनामपुर कपिलवस्तुको वडा कार्यालय एवं वडा क्षेत्र भित्र।

**३. पारिश्रमिक**ः प्रत्येक महिना व्यतित भएपछि ,पहिलो पक्षले दोस्रो पक्षलाई मासिक रूपमा नेपाल सरकारको सहायकस्तर पाँचौ तह सरहको तलब भत्ता साथै अन्य सेवा सुविधाको रूपमा चाडपर्व खर्च र पोषाक भत्ता समेत प्रचलित नियमानुसार उपलब्ध गराउनेछ।

**४. आचरणको पालना**ः दोस्रो पक्षले मायादेवी गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भए बमोजिम कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ।

**५. विदा**ः दोस्रो पक्षलाई सार्बजनिक विदा बाहेक अन्य कुनै पनि किसिमको विदा उपलब्ध हुने छैन। साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ। यसरी सार्वजनिक विदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोस्रो पक्षलाई दिईनेछ।

**६. कार्यालय सम्पत्तिको सुरक्षा**ः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

**७. गोप्यता**ः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एंव गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोस्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।

**८. करार अवधि**ः यो करार २०७७ साल फाल्गुन ०४ गते देखि लागु भई २०७८ असार मसान्त सम्मको लागि हुनेछ।

**९. कार्यसम्पादन मूल्यांकन**ः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ।

**१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य**ः दोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन। दोस्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोस्रो पक्षसँगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्तिसँग नियमानुसार सेवा करारमा राखी काम लगाउन बाधा पर्ने छैन।

**११. दाबी नलाग्ने**ः दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पदमा अस्थायी वा स्थायी नियुक्त हुनाका लागि दाबी गर्न पाउने छैन / गर्ने छैन।

**१२. सम्झौता रद्द हुने**ः तपाई कार्यरत रहेको दरबन्दीको पदमा कुनै किसिमले स्थायी कर्मचारी हाजिर हुन आएमा यो करार सम्झौता स्वतः रद्द हुनेछ।

**१३. प्रचलित कानून लागू हुने**ः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**गाउँपालिकाको तर्फबाटः**

हस्ताक्षरः

नामः श्री कृष्ण प्रसाद तिमिल्सिना

पदः प्रमुख प्रशासकीय अधिकृत

कार्यालयको छापः

**दोश्रो पक्ष (करार गर्ने व्यक्ति):**

हस्ताक्षरः

नामः श्री गंगासागर कुर्मी

पदः प.से.प्रा. (पाँचौ तह सरह)

ठेगानाः मायादेवी गाउँपालिका वडा नं.-०७, क.व.।

**रोहबरः**

श्री परमेश्वर यादव (भेटनरी अधिकृत, पशु सेवा शाखा)

श्री अनिल कुमार चौधरी (सहायक पाँचौ, प्रशासन शाखा)

मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकडी, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

**इति सम्बत २०७७ साल फाल्गुन महिनाको ०४ गते रोज ०३ मा शुभम्।**

मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्या.:०७७/७८
चलानी नं.:
मिति:२०७७।११।०४

## कार्य विवरण

कर्मचारीको पदः- प.से.प्रा., सेवा/समूहः-कृषि/ला.पो.डे.डे., तहः-सहायकस्तर पाँचौ

कर्मचारीको नामः- गंगासागर कुर्मी

काम गर्नुपर्ने स्थानः- मायादेवी गाउँपालिका, वडा नं.-०७, हरनामपुर कपिलवस्तुको वडा कार्यालय एवं वडा क्षेत्र भित्र ।

सुपरिवेक्षकः- पशु सेवा शाखा प्रमुख

प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः-प्रमुख प्रशासकीय अधिकृत

**कार्य विवरणः-**

१. पशुको प्राथमिक उपचार गर्ने ।
२. पशु सेवा प्रशार ।
३. पशु रोग नियन्त्रण सेवा प्रदान गर्ने ।
४. पशु पंक्षी तथ्यांक अध्यावधी गर्ने ।
५. कार्यालयले तोकेको अन्य प्राविधिक सेवा/कार्यहरू गर्ने ।

..............................
कृष्ण प्रसाद तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत